नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## योजना तथा अनुगमन शाखा

☎ ४२००३२३
📠 ४२००३२२

सिंहदरबार, काठमाडौं

पत्र संख्या : २०७४/७५
च.नं. : ४२५

मिति : २०७५।२।२५

**विषय: स्थानीय तहको वजेट तर्जुमा एवं वजेटको श्रोत सम्बन्धमा।**

श्री महा/उपमहा/नगरपालिका सबै,
श्री गाउँपालिका सबै,

प्रस्तुत विषयमा स्थानीय तहको आगामी आ.व. २०७५/७६ को वजेट तर्जुमा तथा वजेटको श्रोत व्यवस्थापन सम्बन्धमा अन्यौलता भएको भनी विभिन्न स्थानीय तहहरुवाट स्पष्टताको लागि अनुरोध भईआएकोमा देहाय अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्नु गराउनुहुन नेपाल सरकार मन्त्रीस्तरको मिति २०७५/२/२५ को निर्णयानुसार अनुरोध गरिन्छ।

२०७५।२।२५

(नारायण रिसाल)
उप-सचिव

**बोधार्थ**

श्री सूचना तथा प्रविधि शाखा: वेभसाईट मा अपलोड गर्नहुन।

## स्थानीय तहमा आ.व. २०७५।७६ को लागि वित्तीय हस्तान्तरण, स्रोत व्यवस्थापन र बजेट तर्जुमा सम्बन्धि व्यवस्था:

१. **वित्तीय समानीकरण अनुदान**: स्थानीय तहलाई आ.व. २०७५।७६ को लागि प्रदान गरिने वित्तीय समानीकरण अनुदानको सिलिङ पठाईएकोमा नेपाल सरकारको आ.व. २०७५।७६ को वार्षिक वजेटवाट स्थानीय तहलाई प्राप्त हुने यथार्थ वित्तीय समानीकरणको रकम निर्धारण भइसकेको छ । सोको विवरण अर्थ मन्त्रालयको वेवसाईट www.mof.gov.np मा राखिसकिएकोले सोहीलाई आधार मानी आगामी आ.व.को वजेट तर्जुमा गर्नुपर्ने । यो अनुदान रकम निशर्त प्रकृतिको भएकोले संविधानत स्थानीय तहले आफ्ना अधिकार क्षेत्र र स्थानीय तहको अनिवार्य दायित्व रहेका विषयमा सहभागितामूलक योजना तर्जुमा पद्दती मार्फत् योजना छनौट गरी कार्यान्वयन गर्नु पर्ने ।

२. **सशर्त अनुदान**: स्थानीय तहलाई आ.व. २०७५।७६ को लागि प्रदान गरिने सशर्त अनुदानको सिलिङ पठाईएकोमा नेपाल सरकारको आ.व. २०७५।७६ को वार्षिक वजेटवाट स्थानीय तहलाई प्राप्त हुने यथार्थ सशर्त अनुदानको रकम अर्थ मन्त्रालयको वेवसाईट www.mof.gov.np मा राखिसकिएको छ ।सो अनुदान वापत प्राप्त हुने रकम तोकिएको क्षेत्र एवं क्रियाकलापहरुमा मात्र खर्च गर्न सकिने र यसको मार्गदर्शन एवं विस्तृत विवरण अर्थ मन्त्रालयबाट छुट्टै पठाइने भएकोले स्थानीय तहको आगामी बर्षको कूल बजेटको सीमामा सशर्त अनुदानको समेत अंक राखी बजेट तथा कार्यक्रम तयार गर्ने र प्राप्त मार्गदर्शन बमोजिम कार्यान्वयनको व्यवस्था मिलाउने ।

३. **समपुरक अनुदान**: समपुरक अनुदानको रकम प्रदेश तथा स्थानीय तहको लागि एकमुष्ट रुपमा विनियोजन गरिएको छ । स्थानीय तहले अन्तर सरकार वित्त व्यवस्थापन ऐन तथा समपुरक अनुदान संचालन कार्यविधि वमोजिम आयोजनाको विस्तृत परियोजना प्रतिवेदन सहित माग गर्नुपर्ने भएकोले समपुरक अनुदान अन्तर्गत संचालन हुने भौतिक पूर्वाधारका क्षेत्रहरु जस्तै सडक, सिंचाई, खानेपानी, विद्युत, सडक पुल, ,फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, सहरी पूर्वाधार आदि सम्भावित आयोजना पहिचान गरी Project Bank तयार गर्ने । बार्षिक योजना तर्जुमाको चरणमा यस्तो अनुदानटबाट संचालन हुने आयोजनाहरुको समेत पहिचान गरी स्थानीय तहको तर्फवाट लागत साझेदारी गर्नु पर्ने वजेट विनियोजन गर्नु पर्ने । अनुदान सञ्चालन कार्यविधि स्वीकृत भएपश्चात् सोही कार्यविधिमा तोकिए वमोजिम समपुरक अनुदानको लागि माग गरी पठाउने ।

४. **विशेष अनुदान**: स्थानीय तहहरुले अन्तर सरकार वित्तीय व्यवस्थापन ऐन तथा बिषेश अनुदान संचालन कार्यविधि वमोजिम तोकिएका बिषय क्षेत्रका विस्तृत प्रस्ताव सहित माग गर्नुपर्ने भएकोले बिषेश अनुदान अन्तर्गत संचालन हुने कार्यक्रम/ आयोजना पहिचान गरी स्थानीय तहको तर्फवाट लागत साझेदारी गर्नु पर्ने

उप-सचिव

वजेट विनियोजन गरी विशेष अनुदानको लागि नेपाल सरकार समक्ष माग गर्नुपर्ने । समपुरक तथा विशेष अनुदानको लागि नेपाल सरकारवाट रु. २० अर्ब विनियोजन भएको छ ।

५. **राजश्व वाँडफाँट**: राजश्व वाँडफाँटको लागि प्राप्त हुने रकमको सिलिङ यस अघि नै अर्थ मन्त्रालयवाट पठाई सकिएकोछ । सो सिलिङ अनुरुप प्राप्त राजश्वको आधारमा सवै स्थानीय तहलाई मासिक रुपमा राजश्व वाँटफाँटको रकम उपलव्ध गराईने हुँदा प्राप्त सिलिङलाई आधार मानी आगामी बर्षको वजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने ।

६. **प्रदेशबाट प्राप्त हुने अनुदान**: स्थानीय तहले प्रदेशबाट समेत वित्तीय समानिकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान प्राप्त गर्न सक्ने भएकोले सम्बन्धित प्रदेशवाट प्राप्त हुने वा भएको अनुदानको सिलिङलाई आधार मानी आगामी बर्षको वार्षिक वजेट तथा कार्यक्रम तयार गर्नुपर्ने ।

७. **आन्तरिक राजस्व (स्रोत)**: संविधान तथा मौजुदा ऐन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैर-कर राजश्व आवश्यक कानून बनाई परिचालन गर्न सक्ने भएकोले स्थानीय तहले आ-आफ्नो आर्थिक ऐन मार्फत् राजश्व परिचालन गर्ने । आन्तरिक स्रोतको वृद्धिका लागि राजश्व सुधार कार्ययोजना (RIAP) तयार गरी कार्यान्वयन गर्ने । स्थानीय तहको आन्तरिक राजश्व परिचालनको लागि देहाय वमोजिम गर्ने:

**क. सम्पति कर:** स्थानीय तहले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुमा सम्पत्ति कर लगाउने । यसरी सम्पत्ती कर लागेको जग्गामा भूमीकर (मालपोत) लगाउन नपाइने । तर गुठी संस्थानवाट उठाइने मालपोत उठाउन बाधा नपर्ने ।

**ख. भूमि कर (मालपोत) :** स्थानीय तहले आफ्नो क्षेत्रभित्र भूमि कर (मालपोत) लगाउन सक्ने । तर सम्पत्ति कर लागाएको जग्गामा भने भूमीकर (मालपोत) लगाउन नपाइने ।

**ग. घर जग्गा बहाल कर :** स्थानीय तहले आफ्नो क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्ने ।

**घ. व्यवसाय कर** : स्थानीय तहले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाउने । व्यवसाय संचालन गर्न चाहने लाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गर्नु पर्दछ । इजाजत विना ब्यवसाय संचालन गर्न नपाइने । यस्तो कर वार्षिक रुपमा चुक्ता गरी ब्यवसाय नविकरण गर्ने व्यवस्था मिलाउने ।

उप-सचिव

ङ. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : स्थानीय तहले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाउन सक्ने ।

**च. सवारी साधन कर :** सवारी साधनमा प्रदेशले सवारी सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा स्थानीय तहले सवारी साधन कर लगाउने र उठाउन सक्ने । प्रदेशले लगाएको सवारी साधन कर रकम संघीय र प्रदेश कानुन वमोजिम बाडँफाड हुने ।

**छ. विज्ञापन कर:** स्थानीय तहले आफ्नो क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने । यसरी उठाएको विज्ञापन कर बापतको रकम संघीय र प्रदेश कानुन वमोजिम बाडँफाड हुने ।

**ज. मनोरञ्जन कर:** स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेको स्वीकृत सिनेमा हल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोकेको बमोजिम मनोरञ्जन कर लगाउन सक्ने । यसरी उठाएको मनोरञ्जन कर बापतको रकम संघीय र प्रदेश कानुन वमोजिम बाडँफाड हुने ।

**झ. बहाल बिटौरी शुल्क:** स्थानीय तहले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा वहाल विटौरी शुल्क लगाउन र उठाउन सक्ने :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) गाउँपालिका/नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

**ञ. पार्किङ्ग शुल्क:** स्थानीय तहले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा पार्किङ्ग शुल्क लगाउन सक्ने । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र सवारी पार्किङ्ग गराउन नहुने ।

**ट. सेवा शुल्क, दस्तुर :** स्थानीय तहले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, टे«किङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपप्लायर, ऱ्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउन

उप–सचिव

सक्ने । तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित तहसँग समन्वय गरी लगाउनु पर्ने । स्थानीय तहले आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट, सडक, बस पार्क, ढल, पुल र त्यस्तै अन्य स्थानीय पूर्वाधार वा सेवा सुविधा उपलब्ध गराएबापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाउन सक्ने । स्थानीय तहले आफ्नो क्षेत्रभित्र सहकारी संस्था, एफ.एम. रेडियो, "घ" बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाउन सक्ने ।

**ठ. विक्री तथा निकासी शुल्क:** स्थानीय तहले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्ने । स्थानीय तहले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्ने ।

**ड. घरजग्गा रजिष्ट्रेशन शुल्क:** घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईने । यसरी उठेको रकममध्ये साठी प्रतिशत रकम संघीय र प्रदेश कानुन वमोजिम बाडँफाड हुने । यस्तो शुल्क अर्को व्यबस्था नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईने ।

८. **प्रशासनिक खर्च** : स्थानीय तहहरुले आफ्नो प्रशासनिक खर्चको व्यवस्था राजश्व वाँडफाट तथा आन्तरिक स्रोतको रकमवाट गर्नु पर्ने भएकोले सोही बमोजिमको व्यवस्था मिलाउने । प्रशासनिक खर्चको विनियोजन गर्दा नेपाल सरकारबाट स्वीकृत संगठन संरचना र दरवन्दी बमोजिमका सम्पूर्ण कर्मचारीको तलव भत्ता, अनिवार्य दायित्व तथा सञ्चालन खर्चको रकम छुट्याएर मात्र अन्य शीर्षकमा रकम विनियोजन गर्नुपर्ने ।

९. **उपभोक्ता समितिको व्यवस्थापन** : स्थानीय साधन स्रोतको परिचालन गर्ने, स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने तथा समुदायको लागत सहभागिता रहने प्राविधिक जटिलता नभएका निर्माण सम्बन्धी आयोजना उपभोक्ता समितिमार्फत् कार्यान्वयन गर्ने अभ्यास गरिएको छ । उपभोक्ता समितिद्वारा कार्यान्वयन गरिने प्रकृतिका आयोजनाहरुमा उपभोक्ताको अनिवार्य लागत सहभागिता सुनिश्चित गर्ने । उपभोक्ताको नगद साझेदारी रहने एवं

उप-सचिव

श्रम सहभागिता रहने आयोजनामा लागत सहभागिकाको रकम समेत स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा गर्दानै समावेश गर्ने ।

१०. **गैर सरकारी संस्थासंगको साझेदारी:** स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने सबै गैरसरकारी संस्थाको बार्षिक बजेट तथा कार्यक्रम समेत आफ्नो बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी सञ्चालनको व्यवस्था मिलाउने ।

११. **स्रोत परिचालन तथा आयोजना व्यवस्थापन:** स्थानीय तहको सञ्चित कोषमा प्राप्त सम्पूर्ण आयलाई अन्तराष्ट्रिय सम्झौता बमोजिम राष्ट्रिय प्राथमिकता, स्थानीय तहको प्राथमिकता एवं वस्तुस्थिति अनुरुप प्राप्त साधन स्रोतको महत्तम सदुपयोग हुने एवं नतीजामूलक आयोजनामा खर्च गर्ने गरी स्रोत परिचालन गर्नुपर्नेछ । यसका लागि मन्त्रालयबाट चालू आ.व.भित्रै "स्थानीय तहको स्रोत परिचालन निर्देशिका" तर्जुमा गरी पठाइनेछ ।

उप–सचिव